बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, मकवानपुर


# प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

आर्थिक वर्ष: २०८२/८३ | महिनाः पौष | प्रकाशित मितिः २०८२/१०/०६

## मुख्य झलकहरु


- पौष महिनामा डेंगीका केस जम्मा ५ जना, SARI २९ जना, AGE ११ जना र स्क्रब टाइफस १ जना प्रतिवेदन भएको छ। प्रतिवेदन भएका महामारीजन्य रोगहरूको मध्ये मृत्युको रेकर्ड भएको छैन।

पौष महिनामा प्रतिवेदन भएका केस सङ्ख्या




## महामारीजन्य रोगहरुको अवस्था


### १. डेंगी (Dengue)




*(श्रोतः डेंगु दैनिक अपडेट, जनस्वास्थ्य कार्यालय, मकवानपुर, तथ्याङ्क लिएको मितिः २०८२/१०/०१)*

- आ.व. २०८२-८३ को पौष माहिनामा यस जिल्लामा डेंगीका ५ वटा केसहरु प्रतिवेदन भएका छन्। मंसिर माहिनामा केस संङ्ख्या केहि बढे पनि मंसिरमा पनः घटेको देखिन्छ।


## २. स्क्रब टाइफस




*(श्रोतः स्क्रब टाइफस दैनिक अपडेट, जनस्वास्थ्य कार्यालय, मकवानपुर, तथ्याङ्क लिएको मितिः २०८२/१०/०१)*

पौष महिनामा यस जिल्लामा स्क्रब टाइफसका १ वटा केसहरू रिपोर्ट भएका छन्। यो संख्या अघिल्लो महिनाको तुलनामा घटेको भएता पनि संक्रमण जोखिम अझै देखिन्छ।


## ३. Severe Acute Respiratory Infection (SARI)




*(श्रोतः EWARS, तथ्याङ्क लिएको मितिः २०८२/१०/०१)*

- आर्थिक वर्षमा SARI को मासिक प्रतिवेदन अनुसार दिसेम्बर माहिनामा ३८ वटा र जनवरी महिनामा ४ वटा केस रिपोर्ट भएका छन्। वार्षिक रुपमा पनि SARI को केसहरु घट्दै गएको देखिन्छ | विशेषगरी गर्मीको मौसम समाप्त भएर जाडो सुरु हुन लाग्दा केस संख्या बढ्ने भएकाले आगामी महिनाहरूमा संक्रमणको जोखिम उच्च रहने संकेत गर्दछ।

## ४. Acute Gastroenteritis (AGE)




*(श्रोत: EWARS, तथ्याङ्क लिएको मिति: २०८२/१०/०१)*

- आर्थिक वर्षमा AGE को मासिक प्रतिवेदन अनुसार दिसेम्बर माहिनामा १३ वटा र जनवरी महिनामा ४ वटा केस रिपोर्ट भएका छन्। अघिल्लो महिनाको तुलानामा AGE को केसहरु घट्दै गएको देखिन्छ। बर्खा सकिंदै जाँदा पानीजन्य रोगको जोखिम घट्ने भएकाले केसहरू कम भएका हुन सक्छन्। तर वातावरण र सरसफाइको अवस्थाले फेरि असर गर्न सक्ने भएकाले नियमित रूपमा निगरानी राखु आवश्यक हुन्छ।

## रोगअनुसारको तुलनात्मक विवरण (पौष माहिना)

| रोगको नाम | मंसिर, २०८२ (अघिल्लो महिनामा) | पौष, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| डेङ्गी | १८ | ५ | १३ ■ |
| स्क्रब टाइफस | ९ | १ | ८ ■ |
| SARI | ६३ | २९ | ३४ ■ |
| AGE | २२ | ११ | ११ ■ |

*(श्रोत: डेंगु तथा स्क्रब टाइफसको दैनिक अपडेट, EWARS, तथ्याङ्क लिएको मिति: २०८२/१०/०१)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

## निगरानी तथा व्यवस्थापन सम्बन्धी गरिएका पहलहरू

**डेंगी**
- खोज र नष्ट कार्यक्रम
- स्थानीय पत्राचारद्वारा जनचेतना सुचना संदेश प्रसारण

**स्क्रब टाईफस**
- स्थानीय पत्राचारद्वारा जनचेतना सुचना संदेश प्रसारण

**SARI र AGE**
- उपचार व्यवस्थापन
- जनचेतना मुलक कार्यक्रम